**मिति २०७६ पौष ४**

## *कार्यपालिकाका निर्णयहरु*

१ मिति २०७६/८/१५ मा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयमार्फतसबै स्थानिय तहलाइ परिपत्र भएको सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्देशन भएको ६१ बुँदे सुझावहरु अक्षरशः कार्यान्वयन गर्न प्रतिबद्धता जनाउने ।

२. बर्दिबास नगरपालिकाको MTMP निर्माणको लागि अनुमानित बजेट रु २० लाख मागमा आधारित कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने ।

३.अपाङ्ग भवन निर्माणको लागि वडा नं २ मा अवस्थित जनता माध्यमिक विद्यालयको नाममा दर्ता कायम रहेको हाल वडा नं २ साविक २५नं बहादुर गंज ४ घ कि.नं. ११ को क्षेत्रफल ०-२-१२.५ क्षेत्रफल भएको जग्गा वार्षिक रुपमा लिज वापत रकम रु १० हजार नगरपालिकाबाट भुक्तानी हुने गरी मिति २०७६ पौष २ देखि २०९६ पौष २ सम्म (२० वर्ष) बर्दिबास नगरपालिका र जनता मा.वि बिच सम्झौता गर्ने।

४. विभिन्न मितिमा नगर प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतबाट निर्णय भई भुक्तानी भएका तपशिलका कार्यक्रमहरुको खर्च भुक्तानी अनुमोदन गर्ने ।

- वडा नं ३ राइमण्डल भब्सि सिँचाई कुलो मुहानमा क्षति भएकोले सो निर्माण वापत बर्दिबास एस एन कन्सट्रक्सनलाई भुक्तानी भएको रकम रु १६ हजार मात्र
- वडाँ नं ८ कृष्ण बहादुर राना र भगवती स्याङ्गबाको सम्झनामा स्मृति दिवसमा भुक्तानी भएको खर्च रकम रु २९,९५०।(उनानतिस हजार नौ सय पचास मात्र)
- वडा नं १३ को मातहतमा रहेको एम्बुलेन्सबाट उपचारार्थ काठमाण्डौ लैजाने क्रममा सिन्धुली जिल्लाको खुर्कोटमा दुर्घटनामा परि घाइते भएका टेक बहादुर सुस्लिङ्गलाइ औषधी उपचार वापत भुक्तानी भएको रकम रु ९० हजार मात्र
- देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाललाई मसलन्द सहयोग वापत भुक्तानी भएको रकम रु १९,२७१(उनानइस हजार दुइ सय एकहत्तर मात्र)
- मिति २०७६/०६/३० र २०७६/०७/१८ गते पंचधुरा सामुदायिक विद्युतीकरण उपभोक्ता समूहलाई TOD मिटर खरिद तथा जडान वापत भुक्तानी भएको रकम रु १,९३,१०६(एक लाख त्रियानब्बे हजार एक सय छ रुपैया मात्र)

५.अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौकोच.नं. ०५७९ मिति २०७६/०४/१४ को पत्रमार्फत खानेपानी शुद्धिकरण योजनाको उजुरी छानविन सन्दर्भमामिति २०७६/०८/२५ मा शिक्षा शाखाबाट प्र.प्र.अ समक्ष पेश भएको प्रतिवेदन अनुसार नेपाल सरकार अर्थ मन्त्रालयबाट बर्दिबास नगरपालिकाका सामुदायिक विद्यालयहरुमा शुद्ध खानेपानी आपुर्तिको लागि विशेष अनुदान स्वरुप ३ करोडको अख्तियारी प्राप्त भएकोमा कार्यपालिकाको निर्णयानुसार नै ४०० भन्दा बढी १७ विद्यालयको लागि ८ लाखका दरले र सो भन्दा कम संख्या भएको ३५ विद्यालयको लागि ५ लाखको दरले खानेपानी व्यवस्थापन गर्ने भनी सम्बन्धित विद्यालयबाट नै नियमानुसार सुचना प्रकाशन तथा कोटेशन माग भइ सम्बन्धित फर्म/ संस्थाहरु संग सम्झौता भइ कार्यप्रक्रिया अगाढी बढाएको र सम्बन्धित विद्यालय व्यवस्थापन

समितिको निर्णयानुसार नै कार्य भइ ४८ वटा विद्यालयमा प्लान्ट जडान भइ ४५ वटामा शुद्ध खानेपानीको प्रयोग समेत भएको भनी स्थलगत अनुगमन भएको भनी प्रतिवेदन पेश भएकोले प्राप्त प्रतिवेदनका सम्बन्धमा खानेपानी संग सम्बन्धित कार्यालयका प्राविधिक प्रतिनिधि, नगरपालिका इन्जिनियर एवं शिक्षा/स्वास्थ्य शाखाको स्थलगत अनुगमनका आधारमा प्रतिवेदन मगाइततत विद्यालयको खातामा निकासा गरिएको रकम फूकुवा गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने ।

६. फोहोरमैला व्यवस्थापन तथा अन्तरसम्बन्धित विषयमा अध्ययन अवलोकन भ्रमणका लागि कार्यपालिका सदस्यहरुलाई ..................................................मिति....................देखि मिति....................... सम्म अध्ययन अवलोकन भ्रमणका लागि लैजाने ।

७. नगरपालिकाद्वारा गत आवमा प्रकाशित सुचना अनुसार टेण्डर मार्फत संचालन भएका तपशिलका योजनाहरुको ५० प्रतिशत म्याद थप गर्ने ।

- कोल्ड स्टोर
- लोकमार्ग देखि टुटेश्वर सडक कालोपत्रे
- वडा नं ४,६र १० को आधारभुत स्वास्थ्य चौकी निर्माण

माथी उल्लेखित योजनाहरुमध्ये लोकमार्ग देखि टुटेश्वर सम्मको सडक खण्ड योजनाको स्थानियवासीद्वारा माग भए अनुसारको संशोधित डिजाइन V.O.(Variation Order) स्विकृति गर्ने साथै कोल्ड स्टोर योजनाको Lower tie beam estimate मा नभएको र थप्नु पर्ने भएको हुँदा उक्त योजनाको समेत VO गर्ने।

८.संगठन संरचना तयार भइनसकेको अवस्थामा हाललाई नगरक्षेत्रमा शान्ती सुरक्षा फोहोरमैला व्यवस्थापन पार्किङ्ग व्यवस्थापन लगायत यावत कामहरु गर्न नगर अ.स.ई –१, हवल्लनर-१ र नगर प्रहरी जवान –७ को लागि करार सेवाबाट पदपूर्ति गर्नका लागि सुचना प्रकाशन गर्ने ।

९. गत आव ०७५/७६ संचालित हालसम्पन्न भएको कटुवाल टोलमा डिप बोरिङ्ग योजनाको मागमा आधारित कार्यक्रमबाट भुक्तानी दिने ।

१०. महिला विकास तर्फका सामाजिक परिचालिकाहरुको श्रावण देखि मंसिर महिना सम्मको खाइपाइ आएको सुविधा नगरपालिकाको आन्तरिक स्रोतबाट भुक्तानी दिने निर्णय गरियो र पुषबाट करार सम्झौता रद्द गर्ने ।

११. यस नगरपालिकाको गुरु योजना, मध्यकालिन खर्च संरचना र आवधिक योजना निर्माण गर्ने ।

१२.बर्दिबास नगरपालिका आयोजना संचालन कार्यविधि २०७४ को परिच्छद २ को दफा १५ पछि दफा १५ (क) थप दफा १५ मा जे सुकै भएता पनि नगरपालिकाको बजेटबाट संचालन हुने सरकारी स्वामित्व भएको संरचनामा योजनाहरु संचालन गर्न गठित उपभोक्ता समितिले लागत सहभागिता वापतको रकम १० प्रतिशत रकम जम्मा गर्न अनिवार्य हुने छैन् ।साथै योजना सम्झौता गर्दाका बखत उपभोक्ता समितिमा बस्ने पदाधिकारीहरुले अनिवार्य स्वघोषणा गर्नुपर्ने।

१३ कृषि कलेजका लागि थप आवश्यक जग्गा १-१८-०-० र मेयर कृषि कार्यक्रमको लागि थप आवश्यक जग्गा जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ (क) बमोजिम साविक २५ नं बहादुरगंज गा.वि.स. वडाँ नं ४ ज कित्ता नं १४,१५,१८,१९,२१,२२,२३,२४ र २५ तथा सो बाट कित्ताकाट भइ बनेका सम्पुर्ण कित्ताहरुको जग्गा जग्गा प्राप्ती ऐन २०३४ बमोजिमको मुआब्जा र अन्य सबै खर्च नगरपालिकाले व्यहोर्ने गरी जग्गा प्राप्ती गराइ दिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

१४. नदिजन्य पदार्थ गैरकानूनी उत्खनन् तथा बिक्री गर्दा असुल भएको दण्ड वापतको रकमको २०% प्रोत्साहन रकम इलाका प्रहरी कार्यालय बर्दिबासलाई उपलब्ध गराउने ।

१५. मेयर आवास जाने बाटोको टहरा भत्काई इलाका प्रहरी कार्यालय परिसरभित्र प्राविधिक ल.इ. को आधारमा आवासका लागि टहरा निर्माण गर्ने ।

१६. मिति २०७६ पौष ५ गते नगरपालिकाको आयोजनामा हुन लागिरहेको NAST को कार्यक्रमको समग्र खर्च व्यवस्थापन जिम्मेवारी नगरपालिकाबाट हुने निर्णय गरियो ।

१७. यस नगरपालिका अन्तर्गतको कृषि विकास बोर्डको कार्यकारी उपाध्यक्ष श्री मदन कुमार अर्यालले मिति २०७६/०८/१८ मा पेश गरेको राजीनामा स्वीकृत गर्ने ।

<u>एजेण्डाहरु</u>

१ अख्तियारको ६१ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा
२ MTMP को लागि बजेट विनियोजन सम्न्धमा
३ अपाङ्गता भवन निर्माणका लागि जग्गा लिजमा लिने सम्बन्धमा
४ विविभ भुक्तानी अनुमोदन सम्बन्धमा
५ शुद्ध खानेपानी निकासा रकम फुकुवा सम्बन्धमा
६ अध्ययन अवलोकन भ्रमण सम्बन्धमा
७ योजनको म्याद सम्बन्धमा
८ नगर प्रहरी करार सेवामा भर्ना सम्बन्धमा
९डिप बोरिङ्ग सम्बन्धमा
१० महिला विकास तर्फ सामाजिक परिचालकको तलब र करार सम्बन्धमा
११ नगर गुरु योजना, आवधिक योजना सम्बन्धमा
१२ आयोजना संचालन कार्यविधि सम्बन्धमा
१३ मेयर कृषि र कृषि कलेजको जग्गा सम्बन्धमा
१४ दण्ड जरिवाना रकमको प्रोत्साहन प्रतिशत सम्बन्धमा
१५ मेयर आवास जाने बाटोमा रहेको टहरा भत्काउने सम्बन्धमा

१६ NAST को कार्यक्रम खर्च सम्बन्धमा
१७ कार्यकारी उपाध्यक्षको राजीनामा स्वीकृत सम्बन्धमा